**<u>प्रस्तावः मिति २०७६/०४/१३ गते सोमबार, ६४ औ बैठक</u>**

१. जिल्ला दररेट सम्वन्धमा
२. खरिद सम्वन्धमा
३. घ वर्गको निर्माण व्यवसायीको नविकरण सम्वन्धमा
४. सार्वजनिक सुविधा उपयोग सेवा शुल्क सम्वन्धमा
५. शवदाह गृहबाट दाहसंस्कार गर्दा लिइने शुल्क सम्वन्धमा
६. ओम शान्तिको हल निर्माण सम्वन्धमा
७. कार्यालयको भवन निर्माण dpr सम्वन्धमा
८. करार सेवाको म्याद थप सम्वन्धमा
९. इट्टा उद्योग नविकरण सिफारिस सम्वन्धमा
१०. DPR प्रस्तुति
११. आर्थिक सहयोग सम्वन्धमा
१२. अख्तियारी सम्वन्धमा
१३. विपद व्यवस्थापन सम्वन्धमा
१४. तुलसीपुर चोक देखि कटुवाखोला सम्म ग्रिनबेल्ट क्षेत्रमा तारवार गर्ने सम्वन्धमा

**निर्णय नं. १ः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ अनुसार यस घोराही उपमहानगरपालिका क्षेत्र भित्र लागु हुने गरि आ.व. ०७६/०७७ का लागि निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री, उपकरण (हेबी गाडी), श्रमिकहरुको न्युनतम पारिश्रमिक (ज्याला) लगायत विषयहरुमा न्यूनतम दररेट निर्धारण गरि पेश गर्न पूर्वाधार तथा सहरी विकास महाशाखालाई जिम्मेवारी दिने निर्णय गरियो |

**निर्णय नं. २ः**

यस घोराही उपमहानगरपालिकाका लागि तपशिल अनुसारका सवारी साधन अत्यावश्यक भएकाले खरिद गर्ने|

तपशिलः

नगर प्रहरीका लागि — महिन्द्रा जिप -१
योजना तथा कार्यक्रम अनुगमनका लागि — बोलेरो -१
महाशाखा/शाखा प्रमुखका लागि आवश्यक अनुसार — मोटरसाइकल/स्कूटर

**निर्णय नं. ३:**

स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा आउनुपूर्व घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण गर्ने अधिकार जिल्ला समन्वय समितिमा रहेको र स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयन पश्चात सोही ऐनको दफा ११ को उपदफा २ को ६ (१०) बमोजिम उक्त अधिकार स्थानीय तहमा आएकोले सो विचमा कुन निकायमा नविकरण गर्ने भन्ने सम्वन्धमा व्यावसायिहरु दुविधामा पर्न गई नविकरण गर्न छुट भएका निर्माण व्यवसायीको प्रमाणपत्र एकपटकका लागि नविकरण गर्न तोकिएको  दस्तुरमा दोब्बर दस्तुर लिई नविकरण गरि दिने |

**निर्णय नं. ४:**

घोराही उपमहानगरपालिकाका विभिन्न स्थानमा बध गरिने पशु चौपायाबाट निस्किने फोहोर विसर्जनका लागि सरसफाई शुल्क लिइदै आएको हुँदा सोही प्रयोजनका लागि लिइदै आएको सार्वजनिक सुविधा उपयोग शुल्क अव उप्रान्त नलिने |

**निर्णय नं. ५ :**

यस घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित शंखे पिपल शवदाह गृह मार्फत दाहसंस्कार गरे बापत लिइदै आएको शुल्क अब उप्रान्त नलिने |

**निर्णय नं. ६:**

यस घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित पुरानो मधुवन होटेल रहेको जग्गामा ब्रह्मकुमारी इश्वरीय विश्वविद्यालय (ओम शान्ति) दाङ शाखाको लागि हल निर्माण गर्न भौतिक तथा पूर्वाधार विकास मन्त्रालय ५ नं. प्रदेश बुटवलमा विशेष अनुदान माग गर्ने |

**निर्णय नं. ७:**

घोराही उपमहानगरपालिकाको केन्द्रिय कार्यालय भएको वडा नं. १५ स्थित प्रशासनिक भवन निर्माण गर्न DPR निर्माण गर्ने  निर्णय गरियो |

**निर्णय नं. ८:**

यस घोराही उपमहानगरपालिकामा  करार सेवामा कार्यरत कर्मचारीहरुको २०७६ साउन १ गते देखि लागु हुने गरि ६ महिनाका लागि करार अवधि थप गर्ने र सामाजिक परिचालक तथा स्वास्थ्य शाखा अन्तर्गत कार्यरत करार कर्मचारी तथा का.स.हरुको हकमा कार्यसम्पादन मुल्यांकन अनुसार तथा उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुलाई दिइने अन्य सेवा सुविधा सम्वन्धमा सुझाव प्रस्तुत गर्न तपशिल बमोजिमका ४ सदस्यीय पारिश्रमिक निर्धारण सुझाव समिति गठन गर्ने |

**तपशिलः**

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको संयोजकः खोपिराम चौधरी : संयोजक
लेखा अधिकृत : लोकमणि शर्मा :सदस्य
स्वास्थ्य शाखा प्रमुख : नारायण प्रसाद घर्ती :सदस्य
सामान्य प्रशासन महाशाखा प्रमुखः बासुदेव आचार्य :सदस्य सचिव

**निर्णय नं. ९ः**

यस घोराही उपमहानगरपालिका क्षेत्र भित्र संचालित तपशिल बमोजिमका इट्टा उद्योगहरुसंग आवश्यक कागजात र लिनुपर्ने सबै कर लिई घरेलु तथा साना उद्योग कार्यालयमा नविकरणका लागि सिफारिस गर्ने निर्णय' गरियो|

तपशिलः

| क्र.स. | वडा नं. | इट्टा उद्योगको नाम | साझेदारको विवरण |
|---|---|---|---|
| १. | १० | माता अम्विकेश्वरी फिक्स चिम्नी इट्टा उद्योग | पूर्ण अधिकारी समेत १० जना |
| २. | १६ | जलजला फिक्स चिम्नी इट्टा उद्योग | केवल खत्री, राम सिंह डाँगी, अम्मर ब. डाँगी |
| ३. | १७ | श्री राम इट्टा उद्योग | बसन्त खनाल, नेग बहादुर वली |
| ४. | ८ | ऊ फिक्स चिम्नी इट्टा उद्योग | प्रकाश बहादुर खड्का, मेघराज डि.सी., द्रोण डाँगी, टेक बहादुर डाँगी, हिमराज के.सी,, भुपेन्द्र के.सी. |
| ५. | १७ | मनकामना इट्टा उद्योग | किरण कुमार रेग्मी, बसन्त कुमार रेग्मी, सुनिल कुमार आचार्य |

**निर्णय नं. १०ः**

यस घोराही उपमहामगरपालिकाका लागि देहाए बमोजिमका कन्सल्टेन्सीहरु मार्फत निर्माण भएका तपशिल बमोजिमका योजनाहरुको DPR र मास्टरप्लानको प्रस्तुतिकरण हेरियो र छलफल पश्चात स्वीकृत गर्ने निर्णय गरियो |

| क्र.स. | वडा नं. | योजनाको नाम | कन्सल्टेन्सी | कैफियत |
|---|---|---|---|---|
| १. | १४ | बधशाला | रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डिभलपमेन्ट प्रा.लि. | |
| २. | १ | चरिंगे पार्क र दह | सैलुंग इन्जिनियरिंग कन्सल्टेन्सी | |
| ३. | १३ | ज्यामिरे दह | सैलुंग इन्जिनियरिंग कन्सल्टेन्सी | |
| ४. | १९ | डिभिनडाँडा | के.पि. इन्जिनियरिंग सोलुसन | |
| ५. | १७ | सहिद गुलेरिया पार्क | क्यानभास इन्जिनियरिंग कन्सल्टेन्सी | |

**निर्णय नं. ११**

यस घोराही उपमहानगरपालिकामा निम्न संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग आर्थिक सहायता शिर्षकबाट दिने |

| क्र.स. | संस्थाको नाम | कार्यक्रमको नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल नर्सिङ संघ | appreciative inquiry and professional communication skills | १५०००|०० | |
| २. | दाङ मार्सल आर्ट्स हप्किडो संघ | ५ नं. प्रदेश स्तरीय मार्शल आर्ट्स हप्किडो गोष्ठी (सेमिनार) | १००००|०० | |

**निर्णय नं. १२ः**

यस घोराही उपमहानगरपालिकाको मिति २०७४/०६/२५ गते बसेको १२औं कार्यपालिका बैठकले घोराही उपमहानगरपालिकाको तर्फबाट अदालतमा तारिख लिन र मुद्दा मामिला सम्वन्धी कार्य गर्नका लागि प्रतिनिधिको रुपमा ना.सु. श्री कुमार सिंह पुनलाई तोकेको र हाल निज वडामा कार्यरत भएको हुँदा कानूनी मामिला शाखामा कार्यरत सहायक कम्प्युटर अपरेटर श्री डिलराज पौडेललाई सो कार्य गर्नका लागि अख्तियारी दिने निर्णय गरियो|

**निर्णय नं. १३**

यस घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७६/०४/१३ गते बसेको बैठकको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने |

तपशिलः

१३.१ घोराही उपमहानगरपालिकाको मिति २०७४/०६/२६ को १३ औं कार्यपालिका बैठकको निर्णय नं. ३ बमोजिम रु ५०००|०० (अक्षरुपि पाँच हजार) का दरले देहाय बमोजिमका विपद पीडितहरुलाई विपद व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने |

तपशिलः

१. घोराही-५ श्री हुकुमी कमेनी
२. घोराही – ५ श्री हुमसरी थापा
३. घोराही-११ श्री दामोदर बोहरा
४. घोराही-४ श्री दुर्गा प्रशाद चौधरी
५. घोराही -१८ श्री राम बहादुर चौधरी
६. घोराही-८ श्री लालमति चौधरी

७. घोराही -१४ श्री अनिता वि.क.

१३.२ घोराही उपमहानगरपालिका वडा नं. १ निवासी श्री बलबहादुर विष्टको घर निर्माणाधिन चेपे ड्याम क्षेत्र भित्र परेको तथा डुवानको अवस्थामा रहेको भन्ने वडा कार्यालयको पत्रानुसार निजलाई प्राविधिक मुल्यांकन पश्चात क्षतिपूर्ति बापतको रकम उपलब्ध गराउने भनि ६३ औ कार्यपालिकाको बैठकले निर्णय गरेको हुँदा निज श्री बल बहादुर विष्टलाई पूर्वाधार तथा शहरी विकास शाखाबाट प्राप्त प्राविधिक मुल्यांकन तथा प्रचलित आर्थिक ऐन बमोजिम रु.१०९९१५५|७६ (अक्षरुपि दस लाख उनाननब्बे हजार एक सय पचपन्न रुपिया छेहत्तर पैसा मात्र ) स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने |

१३.३ घोराही उपमहानगरपालिका वडा नं. १ चितुवाटारीमा निर्माणाधिन चेपे ड्यामबाट प्रभावित श्री पहले पुन मगर र श्री किमा पुन मगरको संयुक्त नाममा रहेको जग्गालाई डुवान क्षेत्रलाई सुरक्षित गर्ने क्रममा बाटोमा पर्ने देखिएको भन्ने पूर्वाधार तथा शहरी विकास शाखाको मिति २०७६/४/१३ को पत्र मार्फत जानकारी तथा प्राविधिक मुल्यांकन भई आएको हुँदा प्राविधिक मुल्यांकन तथा प्रचलित आर्थिक ऐन अनुसार निज प्रभावितहरुलाई करिब २ कठ्ठा जग्गा बराबरको क्षेतिपूर्ति बापत चलन चल्तीको मूल्य अनुसार प्रति कठ्ठा रु १५००००(अक्षरुपि एक लाख पचास हजार मात्र) को दरले रु ३०००००|०० (अक्षरुपि तीन लाख मात्र)) उपलब्ध गराउने |

१३.४ घोराही उपमहानगरपालिका वडा न. १ निवासी श्री नारायणी पुनले व्यक्तिगत प्रयोजनका लागि खारेर बनाएको जग्गा निर्माणाधिन चेपे ड्यामको डुवान क्षेत्रमा पर्ने तथा सुरक्षित गर्ने क्रममा बाटोमा पर्ने देखिएको भन्ने प्राविधिक राय अनुसार निज प्रभावितलाई प्राविधिक मुल्यांकन भए अनुसारको रु १२०००|०० (अक्षरुपि बाह्र हजार मात्र ) राहत स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने |

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. १५ तुलसीपुर चोकदेखि कटुवा खोला सम्मको सडक खण्डको ग्रिनबेल्ट क्षेत्रमा ग्रिल तारवार गरि वृक्षारोपण गर्ने कार्य निरन्तर रुपमा भैरहेकोले कटुवा खोला सम्म तारवार गर्न बजेट सिमित भएको तथा विचमा नै तारवार गर्ने कार्य स्थगन गर्दा काम अधुरो रहनुका साथै बजारको सौन्दर्यतामा समेत नकारात्मक असर पर्ने भएकोले पछि कुनै श्रोतबाट बजेट व्यवस्थापन गर्ने गरि प्राविधिक ल.इ. अनुसार तुलसीपुर चोक देखि कटुवा खोला सम्मको ग्रिन वेल्ट क्षेत्रमा ग्रिल तारवार गर्ने कार्यलाई निरन्तरता दिई सम्पन्न गर्ने |